# नेपालमा प्राङ्गारिक कृषिको अवस्था र सम्भावना

ऋषिराम अधिकारी[1]

## चिनारी

- एउटा पर्या सामाजिक व्यापारिक कम्पनी (फर्म) हो
- यो नाफामूलक प्राइभेट कम्पनी लिमिटेडको रुपमा सन् २००८ मा दर्ता गरिएको छ ।
- यसको सूत्रपात प्राङ्गारिक कृषि र पर्माकल्चरमा दुई दशक भन्दा बढी अनूभव संगालेका विज्ञहरुको समूहद्वारा भएको हो ।
- यसको प्रधान कार्यालय प्रयागमार्ग, काठमाडौं छ ।

## उद्देश्य

- प्रागारिक र स्वच्छ व्यवसायको सिद्धान्तको आधारमा प्रागारिक तथा प्राकृतिक उत्पादनको उद्यम र बजार विस्तार गर्ने
- प्रागारिक कृषि र प्राकृतिक स्रोतसाधन व्यवस्थापनमा संलग्न व्यक्ति, समूह, सहकारी तथा संङसंस्था र निजी क्षेत्रलाई पारस्परिक सहयोगको लागि समन्वय गर्न पहल गर्ने
- प्रागारिक कृषि, पर्माकल्चर तथा गैह्रकाष्ठ वन पैदावार उत्पादन सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संङ संस्थाहरुसंग सहकार्य गरी तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

## प्राङ्गारिक कृषि

प्राङ्गारिक कृषि माटोको उर्वरापन, पर्यावरणीय प्रणाली र मानव स्वास्थ्यको सम्वर्द्धन गर्ने उत्पादन प्रणाली हो । यो पर्यावरणीय पद्धती, जैविक विविधता र स्थानीय परिवेश अनुसारको चक्रिय प्रणालीमा आधारित हुन्छ । यसले परम्परगत अन्वेषण र विज्ञानलाई समायोजन गरी यसमा अन्तरनिहित पक्षहरुको स्वच्छ सम्बन्ध र गुणस्तरिय जीवन पद्धतिको प्रर्वद्धन गर्दछ ।

## पर्यावरणीय पक्ष (Ecological Aspect)

- पर्यावरणीय पक्षले विशेषत: निम्न विषयवस्तुहरुलाई समेटेको छ:
- जैविक विविधतामा बृद्धि गर्ने
- शुद्धपानीको उपलब्धता हुने
- माटोको उर्वराशक्तिमा बृद्धि ल्याउने
- पर्यावरणीय सन्तुलन कायम मद्दत गर्ने
- प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने
- रसायनिक प्रदुषणरहित उत्पादन गर्ने

## आर्थिक पक्ष (Economic Aspect)

**आर्थिक पक्ष अन्तर्गत प्राङ्गारिक कृषिले निम्न कुराहरुमा ख्याल गर्दछ:**
कम खर्चिलो, आर्थिक सुरक्षा, आर्थिकरुपमा सवल , गुणस्तरिय र निरन्तर उत्पादन, वाह्य स्रोत साधनको कम प्रयोग, र स्थानीय स्रोत साधनको उचित उपयोग, स्थानीय अर्थतन्त्रको विकास

---

[1] अर्गानिक वर्ल्ड एण्ड फेयर फ्यूचर

**सामाजिक पक्ष (Social Aspect)**
सामाजिक पक्ष अन्तर्गत प्राङ्गारिक कृषिले निम्न कुराहरुमा ख्याल गर्दछः
लैङ्गिक समता, स्वच्छ व्यापार, पर्याप्त खाद्यन्न उपलब्धता, स्थानीय संस्कृतिको सम्मान, काम गर्न सुरक्षित, वातावरणको प्रत्याभूति, गुणस्तरिय र स्वादिलो उत्पादन र स्थानीय आवश्यकताको परिपूर्ति ।

**प्राङ्गारिक कृषिका सिद्धान्तहरु**

**१. स्वास्थ्यको सिद्धान्त (Principles of Health)**
व्यक्ति अथवा समुदायको स्वास्थ्यलाई पर्यावरणीय स्वास्थ्यबाट अलग गर्न सकिदैन तसर्थ मानव स्वास्थ्यमा सुधार ल्याउन स्वस्थ माटो हुनु आवश्यक छ । स्वस्थ माटोमा उत्पादन गरिएको कृषि उपजहरु स्वास्थ हुन्छन । त्यस्ता बाली र घाँसपात खुवाएका पशु तथा त्यसमा आश्रित मानिसको स्वस्थ समेत राम्रो हुन्छ भन्ने सिद्धान्त प्राङ्गारिक कृषिमा अवलम्बन गरिन्छ।

**२. पर्यावरणीय सिद्धान्त (Principles of Ecology)**
बाली विरुवा तथा पशुको स्वाथ्य र उत्पादन त्यस क्षेत्रको पर्यावरणीय सन्तुलनमा निर्भर गर्दछ । अतः प्राङ्गारिक कृषिलाई पर्यावरणीय पद्धतिको एक अंशकोरुपमा लिनु पर्दछ । जस्तै बाली उत्पादनमा जिवित माटोको आधारणालाई आत्मसाथ गर्नु, पशु व्यवस्थापनमा खेतवारीको परिस्थितिकिय पद्धति अवलम्वन गर्नु आदि ।

**३. निष्पक्षताको सिद्धान्त (Principles of fairness)**
यस सिद्धान्तले सबैको समान अवसर सुनिश्चित गर्दछ। एक अर्काको सम्मान, सामाजिक न्याय, समान अवसर र कामको सम्मानबाट नै वास्तविक निष्पक्षता प्राप्त हुन्छ । यसर्थ प्राङ्गारिक कृषि अवलम्बन गर्नेहरुले जहिले पनि उत्पादन, वितरण, उपभोगमा समताको अवधारणालाई ख्याल गर्नु पर्दछ ।

**४. हिफाजतको सिद्धान्त (Principles of Care)**
प्राङ्गारिक कृषि एक जीवित र परिवर्तनशिल पद्धति हो। यसमा विभिन्न आन्तरिक तथा वाह्य प्रकृयाहरुले असर पारि रहेको हुन्छ । प्राङ्गारिक कृषिमा सहजरुपमा उत्पादन बृद्धि गर्न सकिन्छ तर यसरी उत्पादनमा बृद्धि गर्दा वातावरणीय दिगोपनामा आँच आउन दिनु हुदैन । वर्तमान तथा भविष्यमा वातावरणीय सन्तुलन र मानव स्वास्थ्यमा नकारात्मक असर कम गर्न नयाँ प्रविधि र परम्परागत प्रविधिको संयोजन गरी उपयोगमा ल्याउनु पर्दछ भन्ने अवधारणा यस सिद्धान्तले प्रष्ट्याउँदछ ।

**विश्वव्यापि दृष्टिकोण**

- सन् १९२० देखि स्वीजरल्याण्ड, जर्मनी र अष्ट्रेलियामा जैवगतिशिल कृषि अभियान
- सन् १९४०-५० प्राङ्गारिक कृषि अभियान संचालन गरिएको भए पनि युद्ध र अस्थिरताले गर्दा स्थापित हुन सकेन ।
- सन् १९६० मा राचेल कार्सनद्धारा "Silent Spring" पुस्तक प्रकाशन भए पछि विषादीको असरबारे विश्वव्यापि चिन्ता
- सन् १९७० मा यूरोप र अमेरिका संगठित
- सन् १९८० मा यूरोप र अमेरिका प्राङ्गारिक कृषिको अभियानको फैलावट
- सन् १९९० देखि यूरोप र अमेरिकामा प्राङ्गारिक उत्पादन, बजार र खपतमा बृद्धि

**विश्वमा प्राङ्गारिक कृषिको अवस्था**

- विश्वका १२० राष्ट्रहरुमा प्रमाणीत प्रांगारिक वस्तुहरु व्यवसायिक स्तरमा उत्पादन
- २००५ मा विश्वमा ३१ खर्व डलर मूल्यको प्रांगारिक वस्तुहरुको व्यापार
- बर्षेनी २५ प्रतिशतले व्यापार वृद्धि

- विश्व संगठनः IFOA:
- प्रमाणीकरण निकायहरु NASAA, Onecert, Ecocert, CertAll, JAS, आदि
- विश्वका १२० राष्ट्रहरुमा प्रमाणीत प्रांगारिक वस्तुहरु व्यवसायिक स्तरमा उत्पादन
- २००५ मा विश्वमा ३१ खर्व डलर मूल्यको प्रांगारिक वस्तुहरुको व्यापार
- बर्षेनी २५ प्रतिशतले व्यापार वृद्धि
- विश्व संगठनः क्ष्इब
- प्रमाणीकरण निकायहरु NASAA, Onecert, Ecocert, CertAll, JAS, आदि

**नेपालमा प्राङ्गारिक कृषिको अवस्था**

- नेपालमा २६ प्रतिशत परम्परागत खेती विद्यमान
- नीति तथा कार्यक्रमः
    - नेपाल सरकारले प्रांगारिक कृषि प्रणालीको प्राविधिक उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धि निर्देशिका २०६४ (संशोधन २०६५) कार्यान्वयन शुरु
    - कृषि जैविक विविधता नीति २०६३
    - दशौं पञ्चवर्षिय योजना र राष्ट्रिय कृषि नीतिले प्रांगारिक कृषि प्रणालीलाई व्याख्या
    - नेपाल कृषि अनुसन्धान परिषद्
    - विश्वविद्यालयको शिक्षामा प्रांगारिक कृषिका विषयहरु समावेश
    - राजनैतिक पार्टीका प्रतिवता पत्रहरुमा समावेश
- एकिकृत कृषि प्रणाली
- १० हजार हेक्टर प्राङ्गारिक प्रमाणिकरण भएका फर्महरु
    - कञ्चनजंगा टी स्टेट
    - गुरासे टी स्टेट
    - समबाला हर्वर एण्ड एरोमेटिक फर्म
    - गुल्मी कफि सहकारी
    - प्राङ्गारिक कृषि उत्पादक सहकारी संस्था लि.
    - पर्माकल्चर फर्म चन्द्र अधिकारी
    - पर्माकल्चर फर्म सुर्य अधिकारी
    - वन वर्ल्ड प्रा.लि.
    - जुम्ला स्याउ उत्पादक स्याउ सहकारी
- स्थानीय परम्परागत प्रणालीद्धारा कृषि उत्पादन गरिएको क्षेत्रहरु
- राष्ट्रिय अन्तराष्ट्रिय बजार
- प्राङ्गारिक वस्तुहरुको व्यवस्थित रुपमा बजारीकरण कफि, चिया, जडीबुटीबाट शुरुवात
- व्यवसायिकरणमा नीजि क्षेत्रको लगानी बढ्दो क्रममा
- हाल सहकारी र तिनीहरुको सञ्जाल, संघसंस्था, कम्पनी तथा डिमार्टमेन्टल स्टोरहरु र होटलहरु

**सम्भावना**

अझै पनि रसायनिक बस्तुहरुको प्रयोग नभएको खेति योग्य जमिन
नीति तथा कार्यक्रमहरु
राष्ट्रिय प्रमाणिकरण निकायको स्थापना र अन्तराष्ट्रिय प्रमाणिंकरण निकायको उपस्थिति
तालिम प्राप्त प्राङ्गारिक निरिक्षकहरु
प्राङ्गारिक कृषि प्रति बढदो विश्वव्यापी चासो